नगर सभाको १७ औं अधिबेशन २०८२
गोरखा नगरपालिका
मसली मायाँ थोकर
नगर उपप्रमुख

# नगर उप-प्रमुखद्वारा प्रस्तुत योजना, कार्यक्रम तथा बजेट बक्तव्य, २०८२

**सभाध्यक्ष ज्यू,**

१. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१, गोरखा नगरपालिकाको विनियोजन ऐन २०८२, आर्थिक ऐन २०८२ र नीति तथा कार्यक्रम २०८२ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य, नेपालको दीर्घकालिन सोच, २१०० (एक्काइस सय), गण्डकी प्रदेश सरकारको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, नगरपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अनुसन्धनात्मक दस्तावेज, क्रियाशील राजनीतिक दलका पदाधिकारीहरु तथा विभिन्न क्षेत्रका महानुभावहरूले दिनु भएको सुझाव र सल्लाह, नगर सभाका सदस्यहरूले दिनु भएको सुझाव र सल्लाह तथा विभिन्न संघसस्था र सम्बद्ध सबै पक्षबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु । गोरखा नगरपालिकाको नगर उपप्रमुख एवं नगरसभा सदस्यको तर्फबाट यस सम्मानित नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को योजना, कार्यक्रम तथा बजेट बक्तव्य प्रस्तुत गर्न चाहन्छु ।

२. नेपालको राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली दिदीबहिनी तथा दाजुभाइहरु र देशको सबल एवं सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३. "कृषिमा वैज्ञानिकता, उत्पादनमा गुणात्मकता" भन्ने मुल नाराका साथ व्यावसायिक तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न कृषि प्रणालीलाई प्रोत्साहन हुने खालका कार्यक्रम तथा योजनाहरुमा बजेट बिनियोजन गरिएको छ । वेमौसमी तरकारी खेती पूर्वाधारको

लागि प्लाटिक घर कार्यक्रमलाई प्राथमिकतामा राखी एक किसान एक प्लास्टिक घर कार्यक्रमलाई ३०० घरधुरीमा कार्यन्वयन गर्न बजेट बिनियोजन गरिएको छ ।

४. "गोरखाः जहाँ इतिहास जीवित छ" भन्ने मूल नाराका साथ पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै लैजाने, गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच, निर्वाहमुखी कृषि पद्धतिलाई व्यवसायिकतामा रुपान्तरण गर्ने र स्तरीय सडकको पहुँच बृद्धि गरी पर्यटन पूर्वाधारमा समेत जोड दिने नीतिगत मार्गदर्शनलाई अंगिकार गर्दै कार्यक्रम तथा योजनाहरुमा बजेट बिनियोजन गरिएको छ । साथै गोरखा नगरपालिकाको सेवा प्रवाहमा सुशासन, जनसहभागिता र पारदर्शिता प्रवद्धन गर्दै दीगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको मौलिक ढाँचामा अघि वढ्नु नै यो योजना कार्यक्रम तथा बजेटको मूलभूत मान्यता र उद्देश्यहरू रहेका छन् ।

५. नगरको आर्थिक विकासको स्तर र विकासका लागि कानूनको प्रभावकारी कार्यान्वयन र परिपालना गर्नु, भौतिक संरचनाको निर्माण र व्यवस्थापन गर्नु, आन्तरिक श्रोतको अधिकतम परिचालन गर्नु, उत्पादन र उत्पादकत्व बृद्धि गर्नु, योजनाको प्राथमिकीकरण र कार्यान्वयन गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन प्रवर्धन गर्नु नगरबासीहरुलाई करको दायरामा ल्याउनु जस्ता हाम्रा प्रमुख चुनौति रहेका छन् ।

## सभाध्यक्ष ज्यू,

अव म गोरखा नगरपालिकाको समग्र आर्थिक अवस्थाको बारेमा जानकारी गराउन चाहन्छु ।

६. चालु आर्थिक वर्षको आन्तरिक राजस्व परिचालनको लागि ७ करोड १५ लाख ९० हजार लक्ष्य राखिएकोमा हाल सम्म ३ करोड ९३ लाख ५३ हजार २ सय ९८ रुपैयाँ ७८ पैसा प्राप्त भएकोले लक्ष्यको करिव ५४ दशमलब ९७ प्रतिशत हासिल भएको छ । गोरखा नगरपालिकाको चालु आर्थिक वर्षमा संघिय सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त रकम तथा नगरपालिकाको आन्तरिक श्रोत गरी जम्मा चालु खर्च तर्फ ६७

करोड ८९ लाख ३९ हजार ५ सय ९१ रुपैया र पूजीगत खर्च तर्फ ३५ करोड २९ लाख १४ हजार २ सय ८४ रुपैया गरि जम्मा १ अर्व ३ करोड ८ लाख ५३ हजार ८ सय ७५ रुपैयाँ मात्र बिनियोजन भएकोमा सो बाट जम्मा ६८ करोड ६३ लाख १४ हजार १ सय ३७ रुपैया खर्च भइ बिनियोजन रकम सँग तुलाना गर्दा ७६ दशमलब २७ प्रतिशत खर्च भएको छ । जसमध्ये चालु तर्फ ५८ करोड ५६ लाख ९३ हजार ३ सय ९१ रुपैया खर्च भइ चालु तर्फ बिनियोजन भएको रकम सँग तुलाना गर्दा ८६ दशमलब ३९ प्रतिशत खर्च भएको छ ।त्यसै पूजीगत तर्फ २० करोड ६ लाख २१ हजार ४ सय ४६ रुपैया खर्च भइ पूजीगत तर्फ बिनियोजन भएको रकम सँग तुलाना गर्दा ५६ दशमलब ८५ प्रतिशत खर्च भएको छ ।

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेटको उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु :-

- पर्यटन पूर्वाधार विकास गरी पर्यटन व्यवसायमा आयआर्जनलाई जोड दिई आन्तरिक र वाह्य पर्यटनको बृद्धि गर्ने,
- स्वास्थ्य र शिक्षाका आधारभूत मान्यतालाई मानव विकास सूचकांकसंग समाहित गरी समावेशी तथा समुन्नत समाजको निर्माण गर्ने,
- उत्पादनमा आधारित कार्यक्रमलाई व्यवस्थित गर्दै आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासमा आम नगरवासीको पहुँचमा बृद्धि गर्ने,
- नगरवासीलाई नगरपालिकाबाट प्रदान गराउने सेवा चुस्त दुरुस्त गरि प्रविधिमैत्री बनाउने,

७. आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु :-

- ✓ कृषि, पशुपंक्षी र साना घरेलु उद्योग

- ✓ पर्यटन तथा संस्कृति प्रवर्धन
- ✓ शिक्षा युवा तथा खेलकुद
- ✓ स्वास्थ्य तथा खानेपानी र सरसफाई
- ✓ सडक यातायात तथा भौतिक पूर्वाधार विकास
- ✓ वन, वातावरण तथा विपद व्यवस्थापन
- ✓ मानव अधिकार, न्याय सम्पादन र न्याय निरुपण
- ✓ शुसासन, सेवा प्रवाह, क्षमता विकास र सामाजिक समावेशीकरण

८. प्रस्तुत कार्यक्रम तथा बजेटका उद्देश्यहरू र प्राथमिकताहरु हासिल गर्न संघीय र प्रदेश सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं सामुदायिक संस्थाहरुसंग सहकार्यको अपेक्षा गर्दछु ।

९. अव म क्षेत्रगत रुपमा विनियोजन गरिएको कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु नगरपालिकाका १४ वटै वडाहरूको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र विपद् व्यवस्थापन साथै सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रहरूमा प्रति वडा १ करोड हुने गरी जम्मा १४ करोड वडास्तरीय योजना, कार्यक्रम तथा बजेट विनियोजन गरेको छु ।

## सभाध्यक्ष ज्यू,

१०. अव म गोरखा नगरपालिकाले आ.ब. २०८२/०८३ को लागि प्रस्तावित गरेका विनियोजित बजेट सहित योजना तथा कार्यक्रमहरु संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

- ➢ वेमौसमी तरकारी खेती पूर्वाधारको लागि प्लाटिक घर कार्यक्रमलाई प्राथमिकतामा राखी ५०% अनुदानमा एक किसान एक प्लास्टिक घर कार्यक्रमको लागि ३८ लाख विनियोजन गरेको छु ।
- ➢ कृषि तर्फ उत्पादनमा आधारित अनुदान कार्यक्रममा ७ लाख विनियोजन गरेको छु ।

- प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुसंगको साझेदारीमा कृषि उपजको बजार ब्यबस्थापन कार्यक्रम संचालन तथा व्यवस्थापन, आकस्मिक बाली संरक्षण, कृषकका लागि तालिम, कृषि मेला महोत्सब तथा धान दिबस संचालन, माटो जाँच शिबिर संचालन कार्यक्रम, नदि तथा खोलाको बगरमा खरबुजा, तरबुजा खेति लगायतका कार्यक्रमहरु संचालनका लागि २४ लाख ५० हजार विनियोजन गरेको छु ।
- पशुपालन र मत्स्य उत्पादनका लागि यान्त्रिकरण ५०% र ७५% अनुदान सहयोगमा कार्यक्रम संचालनका लागि ७ लाख विनियोजन गरेको छु ।
- गाई भैंसी प्रवद्धन कार्यक्रम संचालनका लागि अनुदान स्वरूप १२ लाख विनियोजन गरेको छु ।
- दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रम स्वरूप ७ लाख विनियोजन गरेको छु ।
- पशु औषधि तथा सामग्री खरिदका लागि १० लाख विनियोजन गरेको छु ।
- कालो सुँगुर प्रवद्धन कार्यक्रम, पशुजन्य (मासु) उत्पादनमा आधारित अनुदान कार्यक्रम, सुत्केरी गाई भैंसीलाई क्याल्सियम र मिनिरल वितरण कार्यक्रम, आधारभूत पशुपन्छी प्रयोगशाला संचालन, पशुपन्छी बिपत एवं आकस्मिक रोग नियन्त्रण कार्यक्रम, सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम लगायतका लागि २० लाख विनियोजन गरेको छु ।
- हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको छु ।
- "गोरखाः जहाँ इतिहास जीवित छ" भन्ने मूल नाराका साथ २०८२ लाई पनि गोरखा पर्यटन बर्षको रुपमा निरन्तरता दिनको लागि २० लाख विनियोजन गरेको छु ।
- नेपाली सेनासँगको सहकार्यमा विभिन्न सांस्कृतिक एवं पुरातात्विक प्रवर्द्धन कार्यक्रमहरु संचालनका लागि ८ लाख विनियोजन गरेको छु ।
- गोरखा दरबार देखि गोरखपुर् सम्मको खिचडी यात्राको लागि १ लाख पचास हजार विनियोजन गरेको छु ।

- गोरखाको ऐतिहासिक, पौराणिक, सास्कृतिक, प्राकृतिक तथा धार्मिक हिसावले महत्वपूर्ण ठाउँ, भाषा भाषी, जातजातीको अनुसन्धानात्मक पुस्तक नेपाली, अंग्रेजी र हिन्दी भाषामा प्रकाशन (लेखन खोज) कार्यका लागि ३ लाख विनियोजन गरेको छु ।
- गोरखा दरबार आउने भक्तजनहरुको लागि प्रसाद स्वरूप रोट उपलब्ध गराउन गोरखनाथमा दैनिक रोट पुजा अनुदानका लागि १ लाख विनियोजन गरेको छु ।
- होमस्टे व्यवस्थापन कार्यक्रम संचालनका लागि ५ लाख विनियोजन गरेको छु ।
- नगरपालिका क्षेत्रभित्र मनाइने परम्परागत मेला पर्व जात्रा दिवस तथा चाडपर्वहरुको संरक्षण र प्रर्वधन गर्नको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, पत्रपत्रिका, भाषा भाषी संरक्षण, सामी कार्यक्रम संचालन तथा व्यवस्थापन, लोककल्याणकारी सूचना तथा सन्देश प्रकाशन अनुदान, सामुदायिक तथा निजी रेडियोहरुको विधुत महसुल अनुदान, पत्रकारहरुको क्षमता विकास कार्यक्रमका लागि ९७ लाख विनियोजन गरेको छु ।
- उद्यम विकास कार्यक्रम साझेदारी, घरेलु उद्योग विकासका लागि परम्परागत सीप संरक्षण र विकास कार्यक्रम, स्थानीय स्तरमा उत्पादित मदिरा ब्राण्डिङ कार्यक्रम, घरेलु उद्योग तर्फ सीपमूलक कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि १४ लाख विनियोजन गरेको छु ।
- विकास पत्रकारिता पुरस्कारका लागि १ लाख विनियोजन गरेको छु ।
- रामशाह घाटमा शबदाहको लागि दाउरा व्यवस्थापनका गर्न ८ लाख विनियोजन गरेको छु ।
- उपप्रमुख सबल नेतृत्व विकास कार्यक्रम संचालनका लागि ३५ लाख विनियोजन गरेको छु ।
- कानुन तथा फैसला कार्यान्वयन (न्यायिक समिति) तर्फ रकम ३० लाख विनियोजन गरेको छु ।

- विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलाप सम्बन्धि ज्ञान तथा सिर्जनात्मकता प्रर्वधन गर्न माध्यामिक तहका विध्यालयहरुमा **बुक फ्री फ्राइडे** कार्यक्रम सञ्चालनका लागि १० लाख विनियोजन गरेको छु ।
- कल्स ओभररिजेज सँगको साझेदारीमा विध्यालयहरुमा दिवा खाजा अनुदान कार्यक्रमका लागि ६५ लाख ८५ हजार विनियोजन गरेको छु ।
- नगरपालिकामा नगर प्रमुख अन्तर वडास्तरीय फुटबल, उप-प्रमुख अन्तरपालिका स्तरीय महिला भलिबल कप लगायत विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनका लागि ३० लाख विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (पालिका स्तरीय र जिल्ला स्तरीय) कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनका लागि २० लाख विनियोजन गरेको छु ।
- जिल्ला स्तरीय कराते खेल कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनका लागि ३ लाख विनियोजन गरेको छु ।
- स्वास्थ्यमा नगरवासीहरुको पहुँच पुर्याउने गोरखा अस्पताल र नगरपालिकाको संयुक्त लगानीमा सञ्चालनमा रहेको आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि दिइएको अनुदानलाई निरन्तरता दिदै यस वर्ष पनि २० लाख विनियोजन गरेको छु ।
- लायन्स आँखा अस्पतालसंगको समन्वयमा मोतियाविन्दु भएका नगरवासीहरुको शल्यक्रियामा लाग्ने खर्च निशुल्क गर्नको लागि ५ लाख विनियोजन गरेको छु ।
- नगर प्रमुख कल्याणकारी आर्थीक सहायता कोषको लागि १२ लाख विनियोजन गरेको छु ।
- नगर उप प्रमुखसँग असहाय गर्भवती तथा सुत्करी सहायता कोषको लागि ८ लाख विनियोजन गरेको छु ।
- नगरवासिका लागि आधारभूत सेवा प्रभाव गर्न निःशुल्क बितरणका लागि औषधी खरिदको लागि २० लाख विनियोजन गरेको छु ।

- महिला स्वास्थ्य स्वयम् सेविका यातायात सञ्चार र प्रोत्साहन र दिवस मनाउने खर्चका लागि १२ लाख विनियोजन गरेको छु ।
- अति विपन्न तथा **ग र घ** बर्गका अपाङगहरुलाई स्वास्थ्य विमा कार्यक्रम संचालनका लागि १२ लाख विनियोजन गरेको छु ।
- महामारी लक्षित कार्यक्रमहरु र ल्याब केमिकल तथा Reagent खरिदका लागि ५ लाख विनियोजन गरेको छु ।
- तारानगर र कोखेआहाले स्वास्थ्य चौकीमा चिकित्सकीय स्वास्थ्य सेवा प्रदानका लागि १५ लाख विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयम् सेविका विदाई खर्चका लागि ३ लाख विनियोजन गरेको छु ।
- नसर्ने रोगको स्क्रिनिङ्ग, मानसिक स्वास्थ्य कार्यक्रम, प्रतिजैविक प्रतिरोध समस्या लगायत अन्य ज्वलन्तको सुचना तथा बहस पैरवी, क्षयरोग मुक्त पालिका अभियान कार्यक्रम सञ्चालन लगायतका कार्यक्रम संचालनका लागि ९ लाख विनियोजन गरेको छु ।
- बिपन्न, गरिब, असाहय, बेबारिसे शब व्यवस्थापन गर्न शवबाहन खरिद तथा कृषि एम्बुलेंस खरिदका लागि एकमुष्ठ ४० लाख विनियोजन गरेको छु ।
- आयुर्वेद औषधि खरिद, निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर, निःशुल्क योग तथा ध्यान शिविर, घुम्ती आयुर्वेद क्लिनिक, स्थानीय जडिवुटीको प्रयोग तथा जडिवुटी खेती सम्बन्धी प्रशिक्षण कार्यक्रम, आयुर्वेद शाखाको स्तरोन्नती अन्तर्गत फल्ससिलिन लगायत अन्य पूर्वाधार निर्माणका लागि एकमुष्ठ २० लाख विनियोजन गरेको छु ।
- पुरानो बसपार्क खोलखोले सडक नाला तथा फुटपाथ निर्माणका लागि संघ तथा प्रदेश सरकार समपुरक साझेदारी १ करोड ७६ लाख ७५ हजार विनियोजन गरेको छु ।
- बेनी खोला मत्स्य पर्यटनका लागि ३० लाख विनियोजन गरेको छु ।
- धनुबासे बसपार्क अन्तर्गत वाल तथा पूर्वाधार निर्माण लागि १५ लाख विनियोजन गरेको छु ।

- खोलखोले बसपार्क पूर्वाधार निर्माण लागि १५ लाख विनियोजन गरेको छु ।
- गो न पा १२ नं वडामा योग शिविर हल ट्रस्ट निर्माण, नयाँ बस्ती पहिरो संरक्षण, गो न पा ११ नं वडाको रातामाटे खेलमैदान निर्माण, लिटिटार देखि दरौदी खोला जाने सडक नाला निर्माण, गोरखा चिल्ड्रेन पार्क, सतिपिपल स्वाँरा सडक ढलान, रत्न राज्य मा बि विरेन्चोक वाल निर्माण, रक गर्डेन व्यबस्थापन, गोरक्षनाथ मन्दिर आहाल डाँडा, चितुवा स्वाँरा क्रिश्चयन मरनघाट जाने सडक, बहिरा स्कुल झर्ने सडक विरेन्चोक तिनघरे, गैरिछाप खानेपानी टक्सार, बुद्धीबल राना पार्क निर्माण, निलकण्ठेश्वर मन्दिर निर्माण, वेलडाँडा खेलकुद मैदान, आमडाँडा खेलकुद मैदान, छेबेटार क्रिकेट ग्राउन्ड निर्माण, रानीबन छापगाउँ बाल उद्यान हरित पार्क निर्माण, गो न पा को मुख्य सडकहरुमा ग्राबेल बिच्छाउने, नगर इसाइ समाज भवन सम्पन्न, लक्ष्मी बजार अधुरो फुटपात निर्माण, भुत्याहा छांगो, समिडाँडा साइ डाँडा, जलकन्या मन्दिर वाल निर्माण, सिद्धआश्राम शक्तिकेन्द्र भवनमा शौचालय निर्माण लगायतका विभिन्न नगरस्तरीय योजना तथा कार्यक्रमका लागि ५ करोड ५५ लाख ५० हजार विनियोजन गरेको छु ।
- निजि आवास/घर नक्सापास तर्फ ११ लाख विनियोजन गरेको छु ।
- नगरस्तरीय मर्मत सम्भार पुँजीगत तर्फ २० लाख विनियोजन गरेको छु ।
- सार्वजनिक निर्माण तर्फ २० लाख विनियोजन गरेको छु ।
- संगठन सुशासन तर्फ ३० लाख विनियोजन गरेको छु ।
- नेपाल प्रहरी मार्फत नगर क्षेत्र भित्र सिसि क्यामेरा संचालन तथा व्यवस्थापनको लागि ५ लाख विनियोजन गरेको छु ।
- नगरस्तरीय विपद व्यवस्थापन कोषमा ४७ लाख ५० हजार विनियोजन गरेको छु ।
- सार्वजनिक नाला तथा बाटो र संरचनाको आकस्मिक सुधार तथा व्यवस्थापन तर्फ ७ लाख विनियोजन गरेको छु ।

- सगरमाथा वृक्षारोपण अभियान, विपद व्यवस्थापन सम्बन्धी सुरक्षा निकायसँग तालिम संचालन, विपद लक्षित प्रतिकार्य सामग्री व्यवस्थापन, पानीको स्रोत पुनर्भरणको लागि अग्लो स्थानमा पानीको पोखरी निर्माण, जिससको समन्वयमा जिल्लाभर बातावरण परिवर्तन अनुकुलित बिकास प्रारूप तयार पार्ने कार्य, सामुदायिक बन उपभोक्ता समिति लक्षित कार्यक्रम, विपद प्रतिकार्य योजनाको अभिमुखीकरण कार्यक्रमको लागि एकमुष्ठ २२ लाख ५० हजार विनियोजन गरेको छु ।
- सार्वजनिक नाला तथा बाटो र संरचनाको आकस्मिक सुधार गर्न तथा विपद व्यवस्थापन कार्यलाई छिटो छरितो सेवा प्रबाह गर्नका लागि १ वटा Back Hoe Loader खरिदका लागि आवश्यक रकम सहित, नगरपालिका कार्यालयको समग्र व्यवस्थापन खर्च (चालु), खानेपानी बोर्डलाइ अनुदान, नगर प्रहरी व्यवस्थापन, एम्बुलेन्स र शव बाहन खरिदमा रकम, ४ पाङ्ग्रे सवारी साधन व्यवस्थापन, नयाँ निर्माण भईरहेको वडा नं. ८ र १३ लाई फर्निचर व्यवस्थापन, नगरपालिकाको आन्तरिक ऋण भुक्तानीको सावाँ र ब्याज भुक्तानी सहित पुजिगत किसिमको आवश्यक अन्य परामर्श सेवा लगायतका कार्यका लागि एकमुष्ट रु. १८ करोड विनियोजन गरेको छु ।
- सडक बोर्ड, नगर बिकास लगायत अन्य साझेदार संघ सस्था सँग योजना कार्यान्वयनलाई समपुरक रकम १ करोड विनियोजन गरेको छु ।
- नगरपालिका भरका करार सेवा तर्फका न्यूनबेतनमा कार्य सम्पादन गरिरहेका कर्मचारीहरुको तलबमा केहि रकम थप गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

❖ योजना, कार्यक्रम तथा बजेटको विस्तृत विवरण प्रत्येक नगरसभा सदस्यहरुको हात हातमा उपलब्ध गराइएको छ ।

११. बजेट कार्यान्वयन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, गोरखा नगरपालिकाको आर्थिक ऐन, २०८२ र विनियोजन ऐन, २०८२ मा भएको व्यवस्था अनुसार श्रावण महिना देखि नै कार्यक्रम तथा बजेट कार्यान्वन गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

**सभाध्यक्ष ज्यू,**

१२. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार समानीकरण अनुदान तर्फ २० करोड ७९ लाख, ससर्त अनुदान तर्फ ४४ करोड २९ लाख, समपुरक अनुदान तर्फ ९१ लाख, बिशेष अनुदान तर्फ ८२ लाख, प्रदेश सरकार समानीकरण अनुदान तर्फ ३ करोड ८ लाख ३४ हजार, ससर्त अनुदान तर्फ २ लाख, विशेष अनुदान तर्फ रू. ४० लाख, समपुरक अनुदान तर्फ रू. ६० लाख, नेपाल सरकार र प्रदेश सरकारबाट राजश्व बाडफाड तर्फ १३ करोड ३० लाख २६ हजार, नगरपालिकाको आन्तरिक आय तर्फ ८ करोड, क्रमागत तथा भुक्तानी दायित्वका योजनाहरु तर्फ ७ करोड, बैंक मौज्दात ४ करोड, बिबिध आन्तरिक तर्फ १ करोड ६ लाख ७० हजार, सडक बोर्ड नेपालबाट ७० लाख, नगर विकास कोषबाट ४० लाख गरि कुल जम्मा बजेट १ अर्व ५ करोड ३८ लाख ३० हजार रुपैयाँको श्रोत अनुमान छ ।यस अघिको सभामा पेश गरिएको बिनियोजन ऐन, २०८२ मा संचित कोषबाट खर्च गर्न पाउने रकममा केहि रकम संसोधन भएको छ ।

१३. यस सम्मानित सभामा प्रस्तुत भएको कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट नगरवासीहरुको संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । भौतिक, सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु । प्रस्तुत कार्यक्रम तथा

बजेटको कार्यान्वयनबाट नगरवासीहरुले सरल सहज र अपनत्वको भावना सहित नगर विकासमा सबैले दायित्व बहन गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

**सभाध्यक्ष ज्यू,**

१४. प्रस्तुत कार्यक्रम बजेटको  तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरू, विषय विज्ञहरु, राजनीतिक दलका पदाधिकारीहरू, व्यापारिक र निजी प्रतिष्ठानहरु, सरोकारवालाहरु र राष्ट्रसेवक कर्मचारीहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगर कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका पदाधिकारीहरुले दिनु भएको सुझावका लागि आभारी छु ।त्यसैगरि कार्यक्रम तथा बजेट तर्जुमामा सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा संञ्चारकर्मी सबैप्रति आभार प्रकट गर्दछु । योजना, कार्यक्रम तथा बजेट तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिंदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सक्रियता, समन्वय र सहकार्यको अपेक्षा गरेको छु ।

धन्यवाद ।